१८१६/११८

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. १२/०७१/७२

निर्णय नं. ११८

जिल्ला पर्सा, वीरगंज उ. म. न. पा.-१० निबासी रामपुकार रौनियार ......................१ } पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सा ............................१ } विपक्षी

सूचना अधिकारी, वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सा ..........................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला पर्सा, वीरगंज उ. म. न. पा.-१० निबासी रामपुकार रौनियारले वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सा समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७१।०५।०५ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्वन्धमा यस आयोगबाट मिति २०७१।०५।११ गते पुनरावेदकलाई माग बमोजिमको सूचना उपलब्ध गराउनू भनी वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको लागि यस आयोगको प. सं. ०७१/७२ च. नं. १४९ पु. च. नं. ९३ मिति २०७१।०५।१२ को पत्रबाट वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्सालाई लेखी गएको ।

आयोगबाट प्रेषित मिति २०७१।०५।११ को आदेश पश्चात पनि वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साले माग बमोजिमको सूचना उपलव्ध नगराएकोले दफा ३२ बमोजिम कारवाही गरी माग बमोजिम सूचना उपलब्ध गराई पाउँ भनी पुनराबेदकले मिति २०७३।०७।२४ मा पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रक्रिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अवधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ३ (तीन) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७१।०५।११ को आदेश अनुसार ३ (तीन) दिन भित्र सूचना उपलब्ध गराउनू भनी वीरगंज उपमहानगरपालिकाको कार्यालय, पर्साको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ। यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्वन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारवाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनरावेदकलाई पनि दिनू ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७३ साल कार्तिक २९ गते रोज २ शुभम् ।